गाउँ कार्यपालिकाको २१ (एक्काईसौ) बैठक / २०८१/०८२

मिति : २०८२ साल जेष्ठ २६ गते सोमबार — समय : दिनको : २:३० बजे

अध्यक्षता : श्री किरण राई ( गाउँपालिका अध्यक्ष ) — स्थान : पौवादुङमा गाउँपालिका

उपस्थिती

| क्र. सं. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | किरण राई | अध्यक्ष | |
| २ | ज्योत्सना राई | उपाध्यक्ष | |
| ३ | राजेन्द्र तामाङ | सदस्य | |
| ४ | हरेन्द्र बहादुर पौडेल | सदस्य | |
| ५ | तिर्थ बहादुर कार्की | सदस्य | |
| ६ | रमेश राई | सदस्य | |
| ७ | बोम प्रसाद राई | सदस्य | |
| ८ | दक्ष कुमार राई | सदस्य | |
| ९ | पोसी शेर्पा | सदस्य | |
| १० | ईन्दिरा भट्टराई | सदस्य | |
| ११ | पवित्र भुजेल | सदस्य | |
| १२ | लक्ष्मी तामाङ के. सी. | सदस्य | |
| १३ | अमित देवी राई | सदस्य | |
| १४ | गोमा बोहोरा (सार्की) | सदस्य | |
| १५ | नविन भट्टराई | सदस्य सचिव | |

आमन्त्रित - ४ नं. वडा सदस्य श्री- छत्र बहादुर कार्की -

सचिवालय सहयोगी कर्मचारी

१. बैठक व्यवस्थापन तथा माईन्यूट सहयोगी श्री बुद्धिमान तामाङ

प्रस्तावहरु

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।
२. आ. व. २०८२/०८३ नीति तथा कार्यक्रम तयारी सम्वन्धमा ।
३. पौवादुङमा खानेपानी आयोजना कार्यान्वयन सम्वन्धमा ।
४. कालीखोला पुल आयोजना सोधभर्ना सम्वन्धमा ।
५. राजश्व परामर्श समितिको निर्णय अनुमोदन सम्वन्धमा ।
६. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय अनुमोदन सम्वन्धमा ।
७. स्वास्थ्यका कर्मचारीहरुको अध्ययन बिदा स्वीकृती सम्वन्धमा ।
८. योग्यता परीक्षण परीक्षाको नतिजा प्रकाशन सम्वन्धमा ।
९. अध्यक्ष छात्रबृत्ति वितरण सम्वन्धमा ।
१०. मानेडाँडा अस्पतालको मेडिकल अधिकृतको थप सेवा सुविधा माग सम्वन्धमा ।
११. ल्यावको जोखिम भत्ता सम्वन्धमा ।
१२. जग्गा दान सम्वन्धमा ।
१३. अन्य विविध प्रस्तावहरु सम्वन्धमा ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष

मिति २०८२ साल जेष्ठ २६ मा सम्पन्न २१ (एक्कासौं) कार्यपालिका बैठकबाट पारीत निर्णयहरु :

निर्णय नं. १

गाउँ कार्यपालिकाको बिसौं बैठकबाट पारीत निर्णयहरु कार्यान्वयनको सन्दर्भमा समिक्षात्मक छलफल भई जानकारी भयो ।

निर्णय नं. २

आगामी आ. व. २०८२/०८३ को नीति तथा कार्यक्रम तयारी गर्ने सन्दर्भमा आवश्यक छलफल गरी तोकिए अनुसारको विषयगत समितिहरुले आवश्कता अनुसार बैठकको आयोजना गरी योजना तर्जुमाको कामलाई अगाडी बढाउने र वडा कार्यालयहरुले समेत आ-आफ्नो क्षेत्रमा आवश्यकतानुसार टोल भेलाहरु गरी योजना तर्जुमाको कार्यलाई समय भित्रै सम्पन्न गरी योजना तर्जुमा समितिमा पेश गर्ने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. ३

पौवादुङमा बृहत खानेपानी आयोजना कार्यान्वियन गर्ने सन्दर्भमा केही जनगुनासो आएकोले उपभोक्ता समितिमा दोहोरिएका पदाधिकारीहरु परिवर्तन गरी आयोजना कार्यान्वयन प्रक्रिया अगाढी बढाउर्ने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ र ६६ बमोजिम गठित स्थानीय राजश्व परामर्श समिति र स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय प्रतिवेदन बैठक समक्ष पेश भई जानकारी भयो । उक्त प्रतिवेदन अनुसार राजश्व तर्फ आगामी आ. व. २०८२/०८३ को लागि आन्तरीक आयको अनुमानित कर तथा गैर कर सम्वन्धी राजश्व रकम रु. ६६ लाख प्रक्षेपण भई आएको हुँदा उक्त प्रस्तावलाई अनुमोदन गर्ने । साथै स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट आगामी आ. व. २०८२/०८३ को लागि वडागत बजेट शिलिङ प्रति वडा रु. ३० लाखका दरले जम्मा रु. १ करोड ८० लाख प्रस्ताव पेश भएकोमा उक्त प्रस्तावलाई अनुमोदन गर्ने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ५

यस गाउँपालिका अन्तरगत स्वास्थ्य चौकी बास्तीम मानेडाँडामा जनस्वास्थ्य निरीक्षक (अधिकृतस्तर छैटौं) पदमा कार्यरत हेमन्त सुन्दास ( क. सं. नं. २१८५०३) र सोही स्वास्थ्य चौकीमा सि. अ. न. मी. (सहायकस्तर पाँचौं) पदमा कार्यरत सुनिता शिवा (क. सं. नं. २२२८६०) ले क्रमश : BPH बिषय र BNS विषयमा अध्ययनका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसख्या मन्त्रालय, रामशाहपथ काठमाडौबाट मिति २०८१/१०/२० मा मनोनयन भएको हुँदा अध्ययनका लागि तलबी बिदा पाउँ भनी मिति २०८१/१०/२८ मा कार्यालय समक्ष निवेदन पेश भएको सन्दर्भमा कार्यपालिका बैठकमा पटक - पटक छलफल भई सो सम्वन्धमा गहिरो ध्यानाकर्षण भएको छ ।

प्रस्तुत निवेदनको सन्दर्भमा अध्ययन गर्दा निजहरु कोशी प्रदेश सरकार द्वारा पौष २२ गते, २०८० मा प्रकाशन गरिएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० जारी पश्चात स्थानीय सेवा समुह अन्तरगत स्थानीय तहमा समायोजन भएको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा - ११ (ङ) मा स्थानीय सेवाको व्यवस्थापन सम्वन्धी नीति, मापदण्ड, सेवाको शर्त, कार्यान्वयन र नियमन गर्ने अधिकारी स्थानीय तहमा निहित रहेको र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा - १२० (१) र (२) मा व्यवस्था भए अनुसार स्थानीय सरकारी सेवालाई उपयोगी हुने अवस्थाको आवश्यक पर्ने विषयमा स्थानीय तहलाई प्राप्त छात्रबृत्तिमा मनोनयन वा छनौट भई अध्ययन गर्न जाने कर्मचारीले सेवा अवधीभरमा एक पटक वा पटक - पटक गरी बढीमा ५ (पाँच) बर्षसम्म अध्ययन अवधीभरका लागि अध्ययन बिदा पाउन सक्ने र उक्त अनुसारको बिदा सोही ऐन, २०८० को दफा - १२४ (क) मा व्यवस्था भए बमोजिम गाउँ कार्यपालिकाको निर्णयानुसार स्वीकृत गर्न सक्ने/नसक्ने व्यवस्था रहेको छ ।

तसर्थ, पहाडी क्षेत्रको भौगोलिक बिकटताका कारण दूर्गम रहेको यस गाउँपालिकाको एउटै स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्य सेवाका कर्मचारीहरुलाई ३ देखि ४ बर्षसम्मको लामो अवधीको बिदा स्वीकृती दिंदा निजको सट्टामा मन्त्रालयबाट अर्को कर्मचारीका व्यवस्था समेत नहुने र गाउँपालिकाको स्रोतबाट सेवा करारमा नियुक्ति गर्न समेत नसकिने भएको र थोरै दरबन्दी रहेको दूर्गम भेगको स्वास्थ्य चौकीमा एउटै संस्थामा काम गर्ने दुबै कर्मचारीहरु लामो अबधीसम्म बिदामा रहँदा उक्त स्वास्थ्य चौकीमा अ. हे. ब. चौथोतहको १ (एक) जना मात्र कर्मचारी रहने भएकोले उक्त वडाको नागरिक एवं कार्यालयमा ठुलो क्षति हुने देखिएकोले उल्लेखित ऐन, २०८० को दफा १२४ (क) अनुसार निज कर्मचारीहरुलाई माग बमोजिमको तलबी अध्ययन बिदा स्वीकृत गर्न नसकिने तर सोही ऐन, २०८० को दफा १२१ (१) र (२) बमोजिमको असाधारण (बेतलबी) बिदा स्वीकृत गर्ने । साथै उक्त निर्णय अनुमोदनका लागि १७ औं गाउँसभामा पेश गर्ने सर्ब सम्मत निर्णय गरियो ।

किरण राई
अध्यक्ष

निर्णय नं. ६

पौवादुङमा गाउँपालिका वडा नं. ३ कालीखोला स्थित निर्मित झो. पु. निर्माणको क्रममा संघीय सशर्त अनुदान ( पुँजीगत) तर्फबाट रु. ६ लाख र यस गाउँपालिकाको पूँजीगत तर्फबाट सोधभर्ना हुने गरी रु. १० लाख बिनियोजन गरी खर्च गरिएकोमा गाउँपालिकाबाट सोधभर्ना हुने गरी खर्च गरिएको रकम रु. १० लाख संघीय सशर्त अनुदान तर्फ सोधभर्नाका लागि प्राप्त भएकोले उक्त रकमबाट सोही झो. पु. निर्माणस्थलको आसपासमा सिंढी निर्माण गर्ने कार्यमा खर्च भएको रु. ८,३६,०७०।३७ ( अक्षेरुपी आठ लाख छत्तिस हजार सत्तरी रुपैयाँ पैसा सैतिस) भूक्तानी गर्ने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ७

शैक्षिक सत्र २०८० को SEE तर्फको परीक्षामा उत्कृष्ट अंक ल्याई प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने बिद्यार्थीहरुलाई तथा गाउँपालिका अध्यक्ष छात्रबृत्ति वितरण सम्वन्धी सामुदायिक बिद्यालय तर्फको कक्षा ३, ५ र ८ को लिईएको योग्यता परीक्षण परीक्षा २०८१ को परीक्षामा उत्कृष्ट अंक हाँसिल गरी प्रथम, द्वितीय र तृतीय हुने बिद्यार्थीहरुलाई कार्यालयबाट नियमानुसार गाउँपालिका अध्यक्ष छात्रबृत्ति पुरस्कार वितरण गर्ने सर्व सम्मत निर्णय गरियो ।

तपसिल

एसईई तर्फ :

| क्र. सं. | बिद्यार्थीको नाम थर | बिद्यालयको नाम र ठेगाना | प्राप्ताङ्क GPA | प्राप्त गरेको स्थान | पुरस्कार राशी रु. |
|---|---|---|---|---|---|
| १ | समिर खड्का | सानोदुम्मा मा. वि. पौवादुङमा ५ | ३.२० | प्रथम | १८,०००।- |
| २ | स्मृती राई | मानेडाँडा मा. वि. पौवादुङमा २ | ३.०४ | द्वितीय | १४,०००।- |
| ३ | बिमला पौडेल | तिवारीभन्ज्याङ्ग मा. वि. पौवादुङमा २ | २.९८ | तृतीय | ११,०००।- |

योग्यता परीक्षण परीक्षा कक्षा ८ तर्फ :

| क्र. सं. | बिद्यार्थीको नाम थर | बिद्यालयको नाम र ठेगाना | प्राप्ताङ्क | प्राप्त गरेको स्थान | पुरस्कार राशी रु. |
|---|---|---|---|---|---|
| १ | बिपना पौडेल | तिवारीभन्ज्याङ्ग मा. वि. पौवादुङमा २ | ६५ पैसट्ठी | प्रथम | १४,०००।- |
| २ | उत्सव पोखेल | बालकल्याण आ. वि. सानोदुम्मा पौवादुङमा ५ | ६३ त्रिसट्ठी | द्वितीय | ११,०००।- |
| ३ | नमुना राई | तिवारीभन्ज्याङ्ग मा. वि. पौवादुङमा २ | ६२ बैसट्ठी | तृतीय | ८,०००।- |

योग्यता परीक्षण परीक्षा कक्षा ५ तर्फ :

| क्र. सं. | बिद्यार्थीको नाम थर | बिद्यालयको नाम र ठेगाना | प्राप्ताङ्क | प्राप्त गरेको स्थान | पुरस्कार राशी रु. |
|---|---|---|---|---|---|
| १ | अष्मिता राई | तिवारीभन्ज्याङ्ग मा. वि. पौवादुङमा २ | ५७ सन्ताउन्न | प्रथम | ११,०००।- |
| २ | अनिता खड्का | सिंहबाल सुधार आ. वि. पौवादुङमा १ | ५४ चौवन्न | द्वितीय | ८,०००।- |
| ३ | सन्देश परियार | पन्चकन्या मा. वि. च्याङ्ग्रे पौवादुङमा ३ | ४८ अठ्चालिस | तृतीय | ५,०००।- |

योग्यता परीक्षण परीक्षा कक्षा ३ तर्फ :

| क्र. सं. | बिद्यार्थीको नाम थर | बिद्यालयको नाम र ठेगाना | प्राप्ताङ्क | प्राप्त गरेको स्थान | पुरस्कार राशी रु. |
|---|---|---|---|---|---|
| १ | मञ्जिल राई | सिंहबाल सुधार आ. वि. पौवादुङमा १ | ९३ त्रियानब्बे | प्रथम | ८,०००।- |
| २ | बिकल्प राई | सूर्योदय मा. वि. पौवादुम्मा ६ | ८९ उनानब्बे | द्वितीय | ६,०००।- |
| ३ | अनुस्का राई | सिंहबाल सुधार आ. वि. पौवादुङमा १ | ८८ अठासी | तृतीय | ४,०००।- |

नबिन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष

निर्णय नं. ८

पौवादुङमा ४ बास्तीम मानेडाँडा आधारभूत अस्पतालमा नागरिकहरुबाट लिईने सेवा प्रवाह अत्यन्तै चाप भएको र २४ सै घण्टा सेवा उपलब्ध गराउन पर्ने भएकोले तहाँ कार्यरत मेडिकल अधिकृत र ल्याव टेक्निसियनलाई अतिरिक्त सेवा उपलब्ध गराए बापत संघीय बजेट मार्फत प्राप्त रकम शिर्षकबाट बिरामी संख्याको आधारमा नबढ्ने गरी निम्नानुसारको थप सुविधा उपलब्ध गराउने सर्व सम्मत निर्णय गरियो ।

| क्र. सं. | नाम थर | पद | थप सुविधा रकम मासिक रु. | लागू हुने मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | कौशलकिशोर अम्बिकादेव यादव | मेडिकल अधिकृत ( आठौं) | रु. ९,०००।- नौ हजार मात्र | २०८१ मंसिर १ गते देखि | कार्यालय समय भन्दा अतिरिक्त बिहान/बेलुकी सेवा उपलब्ध गराए बापत |
| २ | गुणाकेश मिश्र | ल्याव टेक्निसियन ( चौथो) | रु. ३,०००।- तीन हजार मात्र | २०८१ श्रावण १ गते देखि | ल्याव जोखिम भत्ता बापत |

निर्णय नं. ९

तिवारीभञ्ज्याङ्ग-मानेडाँडा-सानोदुम्मा अधेरीघाट पञ्चकन्या कृषि सडक खण्डको कालोपत्रे गर्ने जिम्मेवारी प्राप्त आनन्द/दिल/सुदिक्षा जे. भी. ठेक्का नं. PRM/NCB/Works/081-82/01 को ठेक्का सम्झौताको म्याद यहि २०८२/०१/२० मा समाप्त भएकोले उक्त ठेक्काको म्याद यहि २०८२/०३/१५ सम्म थप गर्ने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. १०

आगामी आ. व. ०८२/०८३ को बजेट, नीति तथा कार्यक्रम तर्जूमा तयारी तथा पारीत गर्ने सन्दर्भमास्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद - ४ को दफा १९ (४) बमोजिम १७ औं गाउँसभाको बजेट (बर्षे) अधिवेशन अधिबेशन आव्हान गर्ने र सो सम्वन्धी विषयगत समितिहरुको बैठक निम्नानुसार बस्ने सर्ब सम्मत निर्णय गरियो ।

तपसिल

| क्र. सं. | कार्यक्रमहरु | बैठक बस्ने मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | राजश्व परामर्श समितिको बैठक | २०८२ जेष्ठ १८ गते | गाउँपालिका | सम्पन्न भईसकेको |
| २ | श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति | २०८२ जेष्ठ १९ गते | गाउँपालिका | सम्पन्न भईसकेको |
| ३ | वडास्तरीय योजना तर्जूमा बैठक | २०८२ जेष्ठ २१ देखि जेष्ठ मसान्तसम्म | सम्वन्धित वडा कार्यालय | सम्पन्न हुने चरणमा |
| ४ | बिषयगत समितिहरुको बैठक | २०८२ आषाढ ०२ देखि ०६ गतेसम्म | गाउँपालिका | सम्पन्न हुने चरणमा |
| ५ | गाउँ कार्यपालिकाको बैठक | २०८२ आषाढ ०७ गते | गाउँपालिका छेन्टालुङ्ग बैठक हल | सम्पन्न हुने चरणमा |
| ६ | योजना तर्जूमा समितिको बैठक | २०८२ आषाढ ०७ गते | गाउँपालिका छेन्टालुङ्ग बैठक हल | सम्पन्न हुने चरणमा |
| ७ | गाउँ कार्यपालिकाको बैठक | २०८२ आषाढ ०८ गते बिहान ७ बजे | गाउँपालिका छेन्टालुङ्ग बैठक हल | सम्पन्न हुने चरणमा |
| ८ | आगामी आ. व. ०८२/०८३ को बजेट, नीति तथा कार्यक्रम पेश तथा १७ औं गाउँसभाबाट पारीत | २०८२ आषाढ ०९ गते अपरान्ह १: ०० बजे | गाउँपालिकाको चिवाचोङ्ग सभाहल | सम्पन्न हुने चरणमा |

नवित भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष

निर्णय नं. १९

कोशी प्रदेश सरकारबाट जारी गरिएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ (४) मा व्यवस्था भए बमोजिम प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा रहने गरी देहाय अनुसारको तहबृद्धि सिफारिस समिति गठन गर्ने सर्व सम्मत निर्णय गरियो ।

तपसिल

(१) प्र. प्र. अ. श्री नवीन भट्टराई — संयोजक
(२) अधिकृतस्तर सातौ श्री सुदिप मरासिनी — सदस्य
(३) प्रशासन शाखा प्रमुख अधिकृतस्तर छैटौ श्री बुद्धिमान तामाङ — सचिव सचिव

प्रस्तुत प्रस्ताव माथिको छलफल सकिएको हुँदा आजको बैठक समापन गरियो ।

किरण राई
अध्यक्ष

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत